नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मितिः २०७६।०२।१९

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखरेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

सम्माननीय प्रधान न्यायाधीशज्यू
सर्वोच्च अदालत
रामशाहपथ, काठमाडौं
नेपाल ।

विषय :- **ध्यानाकर्षण गराइएको सम्बन्धमा ।**

सम्माननीयज्यू,

नेबाए आफ्नो स्थापनाकालदेखि नै कानूनी शासन, स्वतन्त्र, सक्षम र निर्भिक, विकृति विसंगतिविहीन न्यायपालिका, मानव अधिकार, संवैधानिक सर्वोच्चता, प्रेस स्वतन्त्रता, व्यवसायिक हक हित संरक्षणको पक्षमा सदा उभिंदै आएको छ । भर्खरै निर्वाचित नेपाल बार एसोसिएशन, केन्द्रीय कार्यसमितिले न्यायपालिकाको जनआस्था अभिवृध्दि र व्यावसायिक र मर्यादित बारका लागि आफुलाई समर्पित गर्ने लक्ष्य लिएको छ । नेपाल बारले आफ्नो लक्ष्य प्राप्तिका लागि पञ्चवर्षिय रणनैतिक कार्ययोजना तर्जुमा गरी अगाडि बढ्ने निर्णय गरेको छ र ततकालका लागि नेपाल बारले अबका दिनहरूमा गर्नुपर्ने सुझावहरू संकलन एवम कार्यान्वयनका लागि प्रदेशस्तरीय बार बैठक गर्ने र प्रत्येक बारमा सुझाव पेटिका (Suggestion Box) राखी प्राप्त सुझावहरूलाई क्रमशः कार्यान्वयनको थालनी हुन गैरहेको र न्याय परिषद्मा नेपाल बारको सिफारिसमा नियुक्त हुने सदस्यको सिफारिसमा पारदर्शी मापदण्ड तथा ती सदस्य र नेपाल बारबीचको सहकार्य र समन्वय एवम कानून व्यवसायीहरूबाट न्यायाधीशमा नियुक्ति हुने व्यक्तिहरूको विषयमा पनि संविधान र कानूनको परिधिभित्र रहेर सक्षम र पारदर्शी "सूचकहरू" के कस्तो हुनु पर्दछ भनी कार्यविधि\निर्देशिका तर्जुमाका लागि नेपाल बारले पहल गरिरहेको व्यहोरा सम्माननीयज्यू समक्ष अवगत गराउन चाहन्छौं ।

विगत केही समयदेखि स्वतन्त्र, सक्षम, विसंगति र विकृतिविहीन न्यायपालिकाको सम्बन्धमा केही कमी कमजोरी देखिएको हामीले महसुस गरेका छौं । न्यायपालिकाको गरिमा दिनानुदिन घट्दै गएको महसुस हुन थालेको छ । न्यायपालिकाको जनआस्था अभिवृध्दिका लागि तत्काल न्यायपालिकाको काम कारवाहीमा देखिने गरी सुधारका उपाय अवलम्बन नगर्ने हो भने न्यायपालिकाप्रति जनताको आस्था खस्कदै जाने निश्चित

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
वेब: www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद विष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन सासंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

छ । तसर्थ समग्र न्यायपालिकाको सुधारका लागि तत्काल निम्नानुसारको कार्य थालनी हुनका लागि सम्माननीयज्यू समक्ष ध्यानाकर्षण गराउँदछौं ।

१) विगतमा न्यायाधीशहरूको नियुक्ति सिफारिसका विषयमा पटक पटक विवाद उठ्दै आएको छ । न्याय परिषद् ऐन, २०७३ दफा ५(१) मा नियुक्तिका लागि सिफारिस गर्दा न्याय परिषद्ले संविधानको अधिनमा रही समानुपातिक समावेशी सिद्धान्तलाई मुख्य आधार मान्दै 'बरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारिता, निष्पक्षता, पेशागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति, न्याय र कानूनको क्षेत्रमा गरेको योगदान समेतका दृष्टिकोणबाट न्यायाधीशको पदमा नियुक्त गर्न उपयुक्त भएको' हुनुपर्ने व्यवस्था भएकोमा संविधानको मर्म, भावना र समानुपातिक समावेशी सिद्धान्तको प्रतिकूल एवं न्याय परिषद् ऐनको दफा ५(१) को भावना विपरित गई छनोटको मापदण्ड अपारदर्शी, व्यक्तिगत पहुँच र भागबण्डाका आधारमा नियुक्ति, सिफारिस र नियुक्ति हुने गरेकाले न्यायपालिकाको गरिमामा प्रश्न उठने गरेको **नेपाल बारको ठम्याई छ ।** मध्यरातमा नियुक्त गरिएको प्रकृयाको आलोचना भैरहेकै बेला नेबाएका सम्पूर्ण सदस्यहरूको निर्वाचनमा होमिई रहेको अवस्थामा हतार हतारमा न्याय परिषद्द्वारा मिति २०७५/१२/१९ मा भएको सिफारिस निर्णय पनि विवादमुक्त हुन सकेन । तसर्थ, न्यायाधीशहरु नियुक्तिको विषयमा भएका कमीकमजोरीहरुलाई आत्मसात गरी त्यस्ता कमी कमजोरीहरु आगामी दिनमा नदोहरिने गरी अबिलम्ब उचित र प्रभावकारी व्यवस्था अवलम्बन गर्न सम्माननीयज्यूको ध्यानाकर्षण गराउँदछौं ।

२) न्यायक्षेत्रभित्र विसंगति, विकृति र भ्रष्टाचार नियन्त्रण गर्न नेपाल बारको प्रतिनिधि समेत सम्मिलित एउटा विशेष संयन्त्र निर्माण गर्न अनुरोध गर्दछौं ।

३) हालका अवस्थामा बिशेषगरी, फौजदारी मुद्दाहरुमा तल्ला अदालतहरुमा निर्भीक र निष्पक्षताकासाथ कारवाही निर्णय हुनमा कठिनाई देखापरेको भन्ने आम कानून व्यवसायीहरुले महसुस गर्न थालेको स्थिति छ । अदालतहरुको क्रियात्मक स्वतन्त्रताको बिषयलाई गम्भीरताका साथ लिनुपर्ने देखिएको छ ।

४) सर्वोच्च अदालतको न्याय सम्पादनमा अन्तर्राष्ट्रियस्तरमा प्रतिष्ठित र मर्यादित बनाउन फैसलाहरूको अध्ययन, अनुसन्धानका लागि Jurimetrics Research System को आधारमा न्यायपालिकाभित्र संयन्त्र निर्माण गरियोस साथै सबै

२०७६।१।१९

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

तहका अदालतका फैसला आदेशहरु सम्बन्धित Website मा नियमिततवरले upload गरी अध्ययन गर्न पाउने व्यवस्था गर्न अनुरोध गर्दछौं ।

५) कजलिष्ट (पेशी सूची) व्यवस्थापन सम्बन्धमा पुराना मुद्दा फछ्र्योट गर्नुपर्ने, थुनुवा मुद्दा छिटो टुङ्ग्याउनु पर्ने, अग्राधिकार दिइएका मुद्दा, अन्तरिम आदेश छलफल सम्बन्धी मुद्दा र अन्य मुद्दाहरु समेत पेशी चढाउँदा प्राथमीकिकरणमा ध्यान नपुगेको देखिएको छ । कुनै इजलाशमा पुराना मुद्दा मात्र राखी सो माथि धेरै संख्यामा दोहोऱ्याइ पाऊँ भन्ने निवेदन समेत राख्ने, धेरैजसो थुनुवा मुद्दाहरु एकै ईजलासमा मात्र राखिंदा थुनुवा मुद्दाहरुको पालो नआउने, कुनैमा अग्राधिकार प्राप्त मुद्दाहरुमाथि अ.आ. छलफलका निवेदनहरु थपी अग्राधिकारको मुद्दाले पालो नपाउने र पुरानो मुद्दाले पालो नै नपाउने र कुनै नयाँ मुद्दाले अति छिटो मौका पाउने गरी कजलिष्ट निस्कने, हेर्न नमिल्ने न्यायाधीशको ईजलासमा पटक पटक पेशी चढ्ने गरेको अनुभव भइरहेको छ । यसतर्फ सम्माननीयज्यूको ध्यानाकर्षण भई कुनै बार विशेषमा अमुक अमुक विषयका मुद्दाहरु हेर्ने र कानून बमोजिम प्राथमिकतामा रहने मुद्दाहरु अधिकतम किनारा लगाउन सकिने गरी सबै इजलाशहरुमा पर्ने गरी तोक्ने व्यवस्था हुन अति आबश्यक रहेको छ । साथै, ईजलास गठनका सम्बन्धमा स्व:चालित प्रणाली Automation System अबलम्बन गर्ने शीघ्र व्यवस्था हुन ध्यानाकर्षण गराउँदछौं ।

६) अदालतबाट भएका फैसलाहरुको पूर्ण पाठ तयार हुन लामो समय लाग्ने गरेका र यसबाट न्यायका उपभोक्ताहरुलाई मर्का पर्न गएको हुँदा फैसला भएको कम्तीमा १ (एक) महिनाभित्र फैसलाको पुर्ण पाठ तयार गर्ने व्यवस्था गर्न र फैसलामा माननीय न्यायाधीशले सही गरेको मितिसमेत उल्लेख गर्ने नियमाबलीको व्यवस्था समेत व्यवहारमा अबिलम्ब लागू गर्न जरुरी देखिएको छ ।

७) सर्वोच्च अदालतको नयाँ र आधुनिक भौतिक संरचना निर्माण सम्वन्धी योजनाको सन्दर्भमा नेपाल बार एसोसिएशन र यस अन्तरगतका बार एकाईहरुका लागि पनि सोही अनुरुपको आधुनिक र भौतिक सुविधासम्पन्न भवन निर्माणका लागि उचित व्यवस्था हुन सम्माननीयज्यूसंग **विशेष अनुरोध गर्दछौं ।**

८) नियमानुसारको न्याय क्षेत्र समन्वय समिति र मुद्दा व्यवस्थापन समितिको नियमित वैठक बस्ने र तत्तत् क्षेत्रका समस्याहरु अबिलम्ब समाधान गर्ने व्यवस्था मिलाइनुपर्दछ ।

२०७६।१०।१९

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
वेब: www.nepalbar.org

प.सं.

मिति:

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद विष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन सार्शकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

९) यसअघि प्रदान गरिएको वरिष्ठ अधिवक्ताको उपाधिले वरिष्ठ अधिवक्ताको मात्र नभई कानून व्यवसायकै अवमूल्यन भएको सबैले महसुस गरेका छन् । त्यसैले, कानून व्यवसायलाई थप व्यावसायिक र मर्यादित बनाउन वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्दा व्यवसायमा निरन्तरता रहे नरहेको, व्यक्तिगत आचरण, व्यवहार र समाजप्रतिको योगदान समेतको मूल्याङ्कन गरी आवधिक रुपमा प्रदान गर्ने व्यवस्था हुन र हाल विद्यमान कानुनी व्यवस्थाका अतिरिक्त वैज्ञानिक आधारको सूचक (मापदण्ड) निर्धारण गरिनु पनि आवश्यक देखिन्छ ।

१०) अदालतहरुमा कानून व्यवसायी र सेवाग्राहीका सवारी साधनहरुको पार्किङ्गको गम्भीर समस्या रहेको र अदालतका नयाँ भवनहरुको निर्माणमा समेत यसतर्फ ध्यान पुग्न सकेको देखिँदैन; यसको समाधानका लागि पहल हुनु जरुरी छ ।

११) राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट संचालन गरिने तालिम प्रशिक्षण लगायतका कार्यक्रममा कानून व्यवसायीहरुको न्यून मात्रको सहभागिता गराइने कुराको अन्त्य गरी उक्त कार्यक्रमहरुमा कानून व्यवसायीहरुलाई समेत दक्षता अभिवृद्धिका लागि उचित र समान अवसर प्रदान गर्ने व्यवस्था मिलाउन समेत गंभिर ध्यानाकर्षण गराउदछौं ।

१२) पक्षहरुले लिने अनलाईन तारिख र मोबाइलमा एस.एम.एस द्वारा दिइने सूचना प्रभावकारी रुपमा कार्यान्वयन नभएको कारणले अनलाईन तारिखमा रहने पक्षहरु र मातहत अदालतसमेतलाई असुविधा भएको भन्ने व्यापक गुनासो रहेकोले अनलाईन तारिख र मोबाइलमा एस.एम.एस द्वारा दिइने सूचनालाई प्रभावकारी बनाई कार्यान्वयन गरिनु पर्दछ ।

१३) यस्तै सुधारात्मक कुराहरु आगामी नियमित बैठकहरुमा छलफलका क्रममा राख्दै जानेछौं ।

**अन्तमा**, सर्वोच्च अदालतका सम्पुर्ण माननीय न्यायाधीशज्यूहरु र प्रशासन तथा नेपाल बार एसोसिएशनकाबीच न्यूनतम दुई महिनामा एकपटक नियमित संयुक्त बैठकको प्रबन्ध हुन सकेमा आपसी सहयोग र सहकार्यबाट न्यायपालिकाको जनआस्था अभिवृद्धि तथा बौद्धिक र व्यावसायिक बारका लागि थप योगदान पुग्ने बिश्वास लिएका छौं ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव